नेपाल सरकार
जनसङ्ख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
जलविज्ञान महाशाखा
बाढी पूर्वानुमान शाखा
E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155
Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS (Nepal Flood Alert)

# बाढी पूर्वानुमान वुलेटिन

**जारी मिति: २१ श्रावण २०७४, बेलुकी ६ बजे**

## गत २४ घण्टाको वर्षाको अवस्था

गत २४ घण्टामा देशैभर सञ्चालित मध्ये ६४ वटा स्वचालित केन्द्रहरुबाट प्राप्त विवरण अनुसार नारायणी नदी जलाधारको लाङटाङ मा १०० मिलिमिटर भन्दा बढी वर्षा भएको छ। अन्य धेरै जसो स्थानमा हल्का देखि मध्यम वर्षा भएको छ।

## आगामी २४ घण्टाको मौसम पूर्वानुमान

आज राती देशैभर बदली भई मध्य र पूर्वी भुभागका धेरै जसो स्थानमा हल्का देखी मध्यम वर्षाको संभावना छ। भने केही स्थानमा भारी वर्षाको संभावना देखिन्छ। भोली पनि देशैभर बदली भई धेरै स्थानमा हल्का देखि मध्यम वर्षाको संभावना छ। (स्रोत: मौसम पूर्वानुमान महाशाखा)

## नदीहरुको हालको अवस्था

| सि. नं | नदी/केन्द्रको नाम | जिल्ला | केन्द्र नंवर | हालको जलसतह (मिटर) (केन्द्रको ड्याटम देखी) | सतर्कता तह (मिटर) | खतरा तह (मिटर) | बहाबको प्रवृती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महाकाली/पारी गाऊं | डडेलधुरा | १७८ | **५.०७** | **५.८०** | **६.५०** | घट्दो | |
| २ | कर्णाली/ चिसापानी | कैलाली-बर्दिया | २८० | **८.२६** | **१०.००** | **१०.८०** | घट्दो | |
| ३ | बबई/चेपाङ | बर्दिया | २८९.९५ | **३.४७** | **५.५०** | **६.१०** | घट्दो | |
| ४ | पश्चिम राप्ती/कुसुम | बांके | ३७५ | **३.०८** | **५.००** | **५.४०** | स्थिर | |
| ५ | नारायणी/देवघाट | चितवन/नवलपरासी | ४५० | **५.२८** | **७.३०** | **८.४०** | घट्दो | |
| ६ | बागमती/खोकना | काठमाडौं | ५५०.०५ | **०.९८** | **३.५०** | **४.००** | घट्दो | |
| ७ | कोसी/चतरा | सुनसरी/उदयपुर | ६९५ | **५.६१** | **५.९** | **७** | स्थिर | |
| ८ | कन्काई/मैनाचुली | झापा | ७९५ | **२.९६** | **३.७०** | **४.२०** | घट्दो | |

## आगामी २४ घण्टाको बाढी पूर्वानुमान

१) **हाल कोसी नदीमा बहाब सतर्कता तह- ५.९ मिटर नजिक पुगेको छ। अहिले जलसतह ५.६१ छ र बढ्दो छ। खतरा तह (७ मिटर) पार हुने संभावना न्युन छ तर विशेष गरि तराईको तटीय क्षेत्रमा सतर्कता भने जरूरी छ।**

२) **आगामी २४ घण्टा बागमती, कमला, कोसी र कन्काई नदीहरुमा र मध्य तथा पुर्वी तराई र पहाडको भुभागमा बहाब बढ्ने हुंदा सतर्कता आवश्यक छ।**

३) **महाकाली, कर्णाली, बबई, पश्चिम राप्ती र नारायणी नदीहरुमा भने न्युन जोखिम छ।**

४) **विगत लामो समय देखी देशैभर पहाडी र उच्च पहाडी क्षेत्रका प्राय स्थानमा निरन्तर पानी परिरहेकोले जमिन कमजोर बनेको छ। आगामी २४ घण्टा पनि क्षणीक वर्षा भइरहने देखिएकोले भिरालो र कमजोर जमिनमा पहिरो र संगैका स-साना खोलानालामा लेदो (debris) बहाबको जोखिम हुन सक्छ। आज विशेषगरी देशको पूर्वी र पश्चिमी पहाडी भूभागमा सतर्कता जरूरी छ।**

## सर्वसाधारण तथा सरोकारवालामा सुझाब

- **आज रातभर मध्य र पूर्वी भूभागमा पर्ने बागमती, कमला, कोसी, र कन्काई साथै सवै स-साना खोलाहरुबाट सचेत बनौं।**
- **क्षेत्रमा हल्का देखि मध्यम वर्षा हुन सक्ने देखिएकाले पहिरोग्रस्त भुभागमा आवतजावत नगरौं। सतर्कता जारी राखौं।**

## बुलेटिन अपडेट संबन्धि जानकारी

यस बाढी पूर्वसूचना बुलेटिन बिहान ६ बजे देखि ७ बजे भित्रको अवधिमा अपडेट गरिनेछ र विभागको वेभसाइट www.hydrology.gov.np मा राखिने छ।

## थप र नियमित जानकारीको लागि निम्न कुराहरु पढ्नुहुन अनुरोध:

१) ११५५ टोल फ्री नम्बरमा असार, श्रावण, भाद्र र असोज महिनाभरी फोन गर्नुहोस र सोध्नुहोस्। यो नंवरमा फोन गर्दा तपाईलाई पैसा लाग्दैन

२) तपाई बाढी वा पहिरोको जोखिम युक्त स्थानमा वा नजिकै हनुहुन्छ भने मोबाइलमा ११५५ नंबरबाट "सतर्क रहनुहोस" भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ। यसरी प्राप्त भएको सूचना वरपरका सवैलाई जानकारी पनि गराउनुहोला!

३) तपाई मोबाइल, ल्यापटप वा कम्प्युटरमा ईन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया हाम्रो वेभसाइट: www.hydrology.gov.np भित्र गएर हेर्नुहोस। त्यहां आगामी २४ घण्टा सम्मको बाढी भविष्यबाणी अपडेट भइराखेको हुन्छ। अनि अहिले कुन नदीमा कती बहाब छ! कहां कती पानी परिराखेको छ! भन्ने जान्न चाहीं वेभसाइटको River Watch र Rainfall Watch हेर्ने गर्नुहोला है।

४) वाढि पूर्वसूचना वा धेरै वर्षा भएको स्थानमा पहिरोको जोखिमको पूर्वसूचना पाउन नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रसासन कार्यालयमा समेत फोन गर्न सक्नुहुन्छ। त्यहां पनि यसवारे जानकारी गराइएको हुन्छ।

५) वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला।

*नोट: तपाईको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदी एक्कासी सुकेको छ भने माथी दिइएको ठेगानामा फोन वा इमेल वा Facebook वा Twitter मा जानकारी पनि दिनुहोस है।*

"कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी विपद्बाट आफु पनि वचौं अरुलाई पनि बचाऔं"

जनहितको लागि जारी